# आर्थिक मामिला तथा योजना मन्त्री
# माननीय ईन्द्र बहादुर आङ्बोले
# प्रदेश सभा समक्ष प्रस्तुत गर्नु भएको
# विनियोजन विधेयक, २०७६ का
# सिद्धान्त र प्राथमिकता

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश नं.१

प्रदेश सरकार
आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. १
विराटनगर, नेपाल

**माननीय आर्थिक मामिला तथा योजना मन्त्री इन्द्रबहादुर आङ्बोले प्रदेश नं १ को प्रदेश सभा समक्ष प्रस्तुत गर्नुभएको विनियोजन विधेयक, २०७६ का सिद्धान्त र प्राथमिकता**

**माननीय सभामुख महोदय,**

१. प्रदेश नं.१ का नागरिकहरुको उत्साहपूर्ण समर्थन र जनविश्वासको आधारमा गठन भएको साथै राष्ट्र निर्माणको महत्वपूर्ण संवाहकको रुपमा रहेको बर्तमान प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले यस गरिमामय सभा समक्ष विनियोजन विधेयक, २०७६ का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्न पाउँदा खुशी लागेको छ।

२. प्रदेश सरकार गठनको पहिलो बर्ष सङ्क्रमणकालीन अवस्थामा जनशक्ति र भौतिक व्यवस्थापनका प्रारम्भिक कार्यहरु सन्तोषजनक रुपमै सम्पन्न भएका छन् ।प्रदेशलाई आवश्यक नीति, तथा कानूनी एवं संस्थागत संरचनाको विकास गरी स्रोतहरुको प्रभावकारी परिचालन तर्फ प्रदेश सरकार अघि बढिरहेको छ ।

३. प्रदेश सरकार प्रति नागरिकका आशा एवं अपेक्षा अधिक रहेको छ तर प्रदेश सरकारको आन्तरिक आयको दायरा भने सीमित छ यस्तो अवस्थामा सम्भाव्य स्रोतहरुको पहिचान, प्रभावकारी संकलन, उपलब्ध स्रोतको दक्षतापूर्ण बाँडफाँड तथा महत्तम उपयोग धेरै नै चुनौतिपूर्ण रहेको छ ।

४. "समृद्ध नेपाल सुखी नेपाली"को राष्ट्रिय लक्ष्य पुरा गर्न र आफ्नै विशेषता अनुसारको विकास आवश्यकता सम्बोधन गर्न बनेका तीन तहका सरकारहरु मध्ये विकासको मेरुदण्ड बन्न सक्ने यस प्रदेश सरकारको उद्देश्य <u>सुखी र समुन्नत प्रदेश निर्माण</u> रहेको छ ।

५. यस प्रदेशमा प्राकृतिक स्रोत साधनको प्रचुर उपलब्धता, उर्वर कृषियोग्य भूमिको उपलब्धता, पर्यटनको अपार सम्भावना एवम् अन्तराष्ट्रिय बजार र व्यापारको समेत सहज पहुँच छ। साथै उत्पादित स्वदेशी वस्तु तथा सेवा निर्यातको प्रशस्त सम्भावना रहेको छ ।

६. प्रदेशको द्रुततर विकासमा योगदान गर्न अर्थतन्त्रका सम्पूर्ण क्षेत्रहरुलाई उत्प्रेरित र क्रियाशिल गराई आर्थिक विकास र समृद्धि तर्फ अग्रसर हुन जरुरी छ । यसका लागि प्रदेश सरकारले दायित्व बोध गरी विकासको संवाहक र सहजकर्ता बनेर प्रदेशलाई समुन्नत र नागरिकहरुलाई सुखी बनाउन अभिप्रेरित भएको छ ।

माननीय सभामुख महोदय,

७. विनियोजन विधेयक, २०७६ को सिद्धान्त तथा प्राथमिकता तय गर्दा नेपालको संबिधानमा ब्यवस्था भएको मौलिक हकहरू, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु, पन्ध्रौं योजनाको आधारपत्र, प्रादेशिक योजनाको आधारपत्र (मस्यौदा), दिगो विकास लक्ष्य, निर्वाचन मार्फत जनअनुमोदित चुनावी घोषणापत्र, सङ्घीय सरकारद्वारा प्रस्तुत गरिएको विनियोजन विधेयक, २०७६ का सिद्धान्त तथा प्राथमिकता र यस प्रदेशको चालु आर्थिक वर्षको बजेटले अघि सारेका कार्यक्रमहरुलाई आधारको रुपमा लिएको छु । चालु बर्षको बजेटका सिद्धान्तलाई निरन्तरता दिंदै एक बर्षको अनुभव र समीक्षाका आधारमा प्राथमिकतामा केही परिमार्जन गरेको छु ।

सभामुख महोदय,

अब म विनियोजन विधेयक, २०७६ का सिद्धान्तहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

८. सम्पूर्ण प्रदेशबासीहरुमा निर्भयताका साथ जीवनयापन गर्न सुरक्षित प्रदेशको रुपमा विकास गरी, संघीय सरकार र स्थानीय तह सँगको समन्वय, सहकार्य र साझेदारीबाट नागरिकका हकहित तथा मानवअधिकार संरक्षण गर्दै समतामूलक समाजको निर्माण गरी विधिको शासन मार्फत् सुशासनको प्रत्याभूति गरिनेछ ।सुशासन प्रवर्द्धनका लागि एकीकृत सूचना प्रणाली निर्माण गरी त्यसमा प्रदेश सरकारको सेवा प्रवाहलाई आवद्ध गरिनेछ।

९. समाजवाद उन्मुख समाज तयार गर्ने आधारशिला बनाउन स्वदेशी उत्पादन र उत्पादकत्व बढाउँदै लैजाने साथै सर्वसाधारणमा वित्तीय पहुँच वृद्धि गर्दै आर्थिक विस्तार गरिनेछ ।रोजगारी सिर्जना गरी जानसांख्यिक लाभांशको अधिकतम सदुपयोग मार्फत आर्थिक विकास गर्ने नीति लिइनेछ । शिक्षा, स्वास्थ्य तथा सीपमूलक तालिम मार्फत श्रमयोग्य जनशक्तिलाई मानव पुँजीमा रुपान्तरण गरी उत्पादकत्व वृद्धि गर्ने नीति लिइनेछ ।

१०. राजनीतिक परिवर्तन साथै आर्थिक विकासको लाभ हरेक तप्काका नागरिकमा समुचित रुपमा पुग्ने सुनिश्चितता सहित भौगोलिक सन्तुलन सहितको समावेशी आर्थिक विकासका लागि वातावरण अनुकूल गुणस्तरीय तथा दिगो भौतिक पूर्वाधारको विकास हुने गरी आर्थिक नीति र योजना अवलम्बन गरिने छ ।गरिबी न्यूनीकरण गर्ने राष्ट्रिय लक्ष्यमा योगदान पुर्याउने नीति लिइनेछ।

११. शिक्षा र स्वास्थ्य प्रदेशका नागरिकहरुको पहुँच बढाई सरसफाई सम्बन्धी जनचेतना अभिवृद्धि गरी स्वस्थ र शिक्षित प्रदेशको रुपमा विकास गर्ने नीति लिइनेछ।

१२. विभेदमा पारिएका एवम् सीमान्तकृत र लोपोन्मुख वर्ग, लिंग, जाति एवम् समुदाय, दुर्गम क्षेत्रका नागरिक, अपाङ्गता भएका व्यक्ति असक्त, जेष्ठ नागरिकको संरक्षण, सुरक्षा र विकासका लागि

विशेष कार्यक्रम संचालन गर्ने ब्यवस्था गरिनेछ । महिला, वालवालिकाहरुको पोषण र स्वास्थ्य सुरक्षाका लागि मातृशिशु पोषण तथा बाल स्वास्थ्य लगायत विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. जलस्रोत, भूमि र वनक्षेत्रको उचित संरक्षण र परिचालन गरी जैविक विविधता संरक्षण गर्न जोड दिइनेछ । साथै प्राकृतिक प्रकोपमा परेका पीडितको उद्धारमा प्राथमिकता दिइनेछ । प्रदेशमा रहेका नदी, ताल तथा सिमसार र जलाधार क्षेत्रको संरक्षणका लागि एकीकृत जलाधार संरक्षण कार्यक्रम संचालन गरिनेछ साथै सङ्घीय सरकार एवम् दातृ निकायको सहयोगमा नदी नियन्त्रण कार्यलाई अगाडि बढाइने छ ।

१४. प्रदेश सरकारको राजस्व अभिवृद्धि गरी प्रदेशको आन्तरिक स्रोतको प्रभावकारी परिचालन गर्न सक्षम राजस्व प्रशासनका लागि कानूनी एवं संस्थागत संरचना निर्माण गरी राजस्वको दायरा विस्तारमा जोड दिँदै राजस्व चुहावट नियन्त्रण गरिनेछ र सङ्कलित राजस्वको उचित परिचालनको सुनिश्चितता गरिनेछ ।

१५. संघीय सरकारसँगको समन्वय र सहकार्यमा वैदेशिक सहायता तथा लगानी प्राप्त गरी उत्पादनशील र प्राथमिकता प्राप्त क्षेत्रमा परिचालन गरिनेछ । प्रदेशमा अपुग स्रोतको निर्धारण गरी आन्तरिक ऋण उठाउन संघीय सरकारसँग स्वीकृति लिइनेछ।

१६. प्रदेशका नागरिकको माग र आवश्यकतालाई सम्बोधन गर्न सरकारी खर्च प्रणालीलाई परिणाममुखी तुल्याउँदै उपलब्ध स्रोत र साधनको महत्तम उपयोग हुने गरी प्रदेश विकास नीति, योजना तर्जुमा, अनुगमन, मूल्याङ्कन एवम् प्राथमिकता प्राप्त क्षेत्र तथा विकास लक्ष्य निर्धारण, प्रादेशिक महत्वका रणनीतिक आयोजना तथा कार्यक्रम सञ्चालन र कार्यान्वयनमा विशेष जोड दिइनेछ ।पूँजीगत खर्च गर्ने क्षमतालाई बढाउन सबै तह र मन्त्रालयहरु बीच समन्वय तथा सहकार्य गर्ने तथा पूँजीगत खर्च जेष्ठ मसान्त भित्र गरिसक्ने नीति लिइनेछ । बजेट अनुशासन कायम गर्न खर्चको गुणस्तर र नतिजाप्रति सम्बन्धित निकाय र पदाधिकारीहरु पूर्ण रुपमा जिम्मेवार र जवाफदेही हुने प्रणालीको विकास गरी आयोजनाहरुको प्रतिफल र प्रभावकारिताको आधारमा र सम्भाव्यता अध्ययन गरिएका आयोजनाहरुमा मात्र बजेट विनियोजन गरिनेछ ।

१७. भ्रस्टाचार विरुद्ध शून्य सहनशीलताको नीति अंगिकार गर्दै सरकारी खर्च तथा सेवा प्रवाहलाई मितव्ययी र प्रभावकारी बनाइने छ । वित्तीय सुशासन कायम गर्नका लागि हरेक निर्णयमा पारदर्शिता कायम गर्न जिम्मेवारी र जवाफदेहिता प्रवर्द्धन गरी सुशासन कायम गरिनेछ ।

१८. निजी र सहकारी क्षेत्रसँग समन्वय गर्दै विकास र समृद्धिको मार्ग प्रशस्त गरिनेछ। निजीक्षेत्रलाई प्रवर्द्धन गर्ने पूर्वाधारलाई विशेष प्राथमिकता दिई उद्यमशीलताको माध्यमबाट रोजगारी सिर्जनामा प्रोत्साहन गरिनेछ।

१९. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुले प्रदेश सरकार सँग सहमति लिई प्रदेश सरकारको प्राथमिकताको क्षेत्रमा मात्र कार्यक्रम संचालन गर्न पाउने व्यवस्था गरिनेछ।

**सभामुख महोदय,**

अव म विनियोजन विधेयक, २०७६ का प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

२०. निर्वाहमुखी र परम्परागत कृषि प्रणाली अन्त्य गर्दै कृषिको व्यावसायिकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गरी उत्पादकत्व र उत्पादन वृद्धि गरिनेछ ।कृषि पेशालाई मर्यादित र सम्मानित बनाउँदै युवालाई कृषि पेशा र व्यवसाय तर्फ आकर्षित गर्न प्रविधि र आधुनिक उपकरणमा पहुँच र दक्षता अभिवृद्धिमा जोड दिइनेछ ।

२१. प्रदेशका प्रमुख खाद्यान्न एवम् नगदे बालीहरुको उत्पादन र प्रशोधन लगायत अन्डा, माछा-मासु, फलफूल तथा दूधमा आत्मनिर्भर हुँदै, आयात प्रतिस्थापन एवम् व्यावसायिक बालीहरुको उत्पादन र प्रशोधन गरी निर्यात प्रवर्द्धनमा जोड दिइनेछ । कृषि बजार सम्म कृषकहरुको सहज पहुँच अभिवृद्धि गर्न कृषि उपजको थोक विक्रि केन्द्रको व्यवस्था गरिनेछ ।कृषि यन्त्र तथा उपकरणको प्रयोग प्रवर्द्धनका लागि कृषकलाई विशेष अनुदानको व्यवस्था गरिनेछ ।

२२. जमिनको खण्डिकरण गर्नेर बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न सहकारी एवम् संस्थागत खेती प्रणालीलाई प्रोत्साहित गरिनेछ । कृषि अनुसन्धान र विकासलाई सहजीकरण गर्दै प्राङ्गारिक (अर्गानिक) खेती प्रणालीको विकासमा अनुदान सहायता उपलब्ध गराइनेछ ।

२३. पशुपंक्षी नश्ल सुधार तथा उन्नत कृषि बीज उत्पादनका लागि नमूना कृषि फारम सञ्चालन गरि कृषकहरुलाई सुपथ मूल्यमा बीउ तथा नश्ल उपलब्ध गराइनेछ।

२४. अर्थतन्त्रको एउटा खम्बाको रुपमा रहेको सहकारी क्षेत्रको रणनीतिक योजना बनाउन र कार्यान्वयन गर्न प्रादेशिक सहकारी रजिस्ट्रेसन तथा नियमन निर्देशनालय गठन गरिनेछ । सहकारी प्रणालीलाई स्वरोजगार र आयआर्जन तर्फ प्रोत्साहन गर्दै नागरिकको घरदैलोमा पुर्याइनेछ ।सहकारीको मूल्य र मान्यतालाई आत्मसात गर्दै सहकारीमा आधारित उद्योग व्यवसायको विकास र विस्तार मार्फत उद्यमशीलताको विकास गरिनेछ ।

२५. प्रदेश भित्रका गरिवीका रेखा मुनि रहेका नागरिकहरु लक्षित कार्यक्रम संचालन गरी गरिबी न्यूनीकरणको राष्ट्रिय लक्ष्य प्राप्त गर्न योगदान पुर्याईनेछ।

२६. ऊर्जा क्षेत्रको विकासमा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ साथै लगानी सहजीकरण गर्नका लागि प्रदेश सार्वजनिक-निजी साझेदारीमा ऊर्जा उत्पादन तथा वितरणको कार्य मार्फतग्रामीण विद्युतीकरणबाट विद्युत्मा सम्पूर्ण जनताको पहुँच पुर्याउन प्राथमिकता दिइनेछ। उद्योग,

कलकारखानालाई पर्याप्त विद्युत् उपलब्ध गराउनुका साथै विद्युत्बाट सञ्चालन हुने ठूला परिवहन सेवा सञ्चालन सम्भाव्यता अध्ययन गरिनेछ । वैकल्पिक ऊर्जाको उपयोगलाई प्राथमिकता दिइनेछ ।

२७. प्रदेशका सम्पूर्ण खेतीयोग्य जमिनमा सिंचाई सुबिधा उपलब्ध गराउने दीर्घकालीन लक्ष्यका साथ प्रथमिकता सहित आवश्यक स्रोत र साधन उपलब्ध गराइनेछ।

२८.प्रदेश गौरवका सडक आयोजना र प्रदेशका मुख्य-मुख्य सडक आयोजनाहरुलाई बहुवर्षीय आयोजनाको रुपमा लिएर प्राथमिकताका साथ बजेट विनियोजन गरिनेछ । मुख्य लोकमार्ग र जिल्ला सदरमुकाम देखि स्थानीय तहको केन्द्रसम्म पुग्ने सडकहरुको निर्माण एवम् स्थानीय तहका केन्द्रहरु आपसमा जोड्ने सडकको स्तरोन्नतिलाई प्राथमिकता साथ अगाडि बढाइनेछ। मुख्यमन्त्री ग्रामिण सडक सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२९. डिजिटल प्रदेश निर्माण गर्ने अवधारणा अनुसार प्रदेश भित्र रहेका महानगरपालिका, उपमहानगरपालिका एवम् नगरपालिकाहरुलाई सम्भाव्यताका आधारमा सूचना प्रविधियुक्त शहरहरु (Smart City) को रुपमा विकास गरिनेछ ।प्रदेशका प्रमुख शहरोन्मुख स्थानहरुलाई व्यवस्थित, योजनाबद्ध एवम् सुनियोजित शहरीकरण गरिनेछ ।प्रदेशका लागि आवश्यक पर्ने भौतिक संरचनाको गुरुयोजना तयार गरिनेछ ।

३०. विपन्न समुदायको लागि जनता आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ साथै जोखिममा परेका वस्तीहरुलाई स्थानान्तरण गरी एकीकृत वस्ती विकास गरी आवासको सुविधा उपलब्ध गराइने छ।

३१. प्रदेश भित्रको सार्वजनिक यातायातको विकासलाई प्राथमिकता दिइनेछ साथै यातायातलाई सहज र सुविधायुक्त बनाउन सार्वजनिक निजी साझेदारीमा केवलकार निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ। कोशी र यसका सहायक नदीहरुमा जल यातायातको विकासलाई प्राथमिकता दिइनेछ। बृहत विराटक्षेत्रलाई सुनियोजित आधुनिक शहरको रुपमा विकास गर्न कार्य प्रारम्भ गरिनेछ। विराटनगर चक्रपथ निर्माणलाई तीव्रता दिइनेछ र आवश्यक पूर्वाधारहरुको विकासको सम्भाव्यता अध्ययनलाई प्राथमिकता दिइनेछ। सहरी सडकहरुमा सोलार बत्ती जडान र हरियाली प्रवर्द्धन गरी सडकलाई सुरक्षित र सुन्दर बनाइने छ।

३२. नागरिकलाई स्वच्छ खानेपानी उपलब्ध गराउने कार्यलाई प्राथमिकतामा राखी हरेक घरमा स्वच्छ पिउने पानी पुर्याउने लक्ष्यका साथ बजेट विनियोजन गरिनेछ । फोहोरमैला व्यवस्थापनको लागि बाह्य र निजी क्षेत्र समेतको लगानीमा आवश्यक सहकार्य गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३३. मानव संशाधनको प्रक्षेपण गरी आवश्यक जनशक्ति उत्पादन गर्न प्रादेशिक विश्वविद्यालयको स्थापना गरिनेछ । स्थानीय तहहरुमार्फत माध्यमिक तहसम्मको शिक्षाको गुणस्तर अभिवृद्धि गर्न

ई-एजुकेसन र पूर्वाधार विकासमा सहयोग गरिनेछ । उच्च शिक्षालाई रोजगारमूलक, गुणस्तरीय एवम् व्यवस्थित बनाउन एवम् प्राविधिक शिक्षालाई विस्तार गर्न उचित पहल गरिनेछ ।

३४. प्रदेशमा प्राविधिक विश्वविद्यालयको स्थापना गरिनेछ । व्यावसायिक शिक्षा र सीप विकास तालिमहरु सञ्चालन गरी शिक्षालाई जीवनयापनसँग आवद्ध गराइनेछ ।

३५. प्रदेशमा सरकारी शिक्षण अस्पतालको स्थापना गर्न अध्ययन गरिनेछ । आधारभूत र आकस्मिक स्वास्थ्य सेवाको उपलब्धता सुनिश्चित गराइने छ । स्वास्थ्य क्षेत्रमा स्थानीय तहको पूर्वाधार र क्षमता अभिवृद्धि गर्न सहयोग गरिनेछ ।

३६. प्रदेशमा विद्यमान स्वास्थ्य संस्थाको क्षमता वृद्धि गर्दै आवश्यक स्वास्थ्य संस्था थप गरी आधुनिक स्वास्थ्य उपकरण, सेवा र जनशक्तियुक्त बनाउन बजेट विनियोजन गरिनेछ । सरकारी अस्पतालहरुको सुदृढीकरण गरी दक्ष चिकित्सक तथा स्वास्थ्यकर्मीहरु उपलब्ध गराईनेछ। सरुवारोग नियन्त्रणका कार्यक्रमहरुलाई प्रभावकारी बनाइनेछ ।

३७. नागरिकहरुमा सरसफाई सम्बन्धी जनचेतना अभिवृद्धि गर्न नमुनाको रुपमा विद्यार्थी परिचालन गरी नमुना स्वच्छ र सफा गाउँनिर्माण गर्न बजेट विनियोजन गरिनेछ ।महिला सशक्तिकरण र लैंगिक समानताक लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ।

३८. समग्र खेलकुद क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिई खेलकुद विकास बोर्ड स्थापना गरिनेछ। खेलपर्यटनको विकास गर्न हाई अल्टिच्युड स्टेडियमको निर्माण गरिनेछ। प्रदेश स्तरीय एवम् जिल्ला स्तरीय रंगशाला निर्माण तथा एक स्थानीय तह एक खेलमैदान निर्माणको लागि बजेट विनियोजन गरिनेछ ।

३९. प्रदेशमा रहेका बिभिन्न भाषा, धर्म, संस्कृति, कलाको संरक्षण र संवर्द्धनमा जोड दिइनेछ । प्रदेशमा विभिन्न जातीय एवम् बहुजातीय संग्रहालयहरु स्थापना गरिनेछ।

४०. राष्ट्रिय अर्थतन्त्रमा वन क्षेत्रको प्रभावकारी योगदानका लागि प्रदेश भित्रको वनको बैज्ञानिक व्यवस्थापन गरिनेछ । प्रादेशिक वन ऐन तर्जुमा गरी तीनजुरे-मिल्के-जलजले लगायत क्षेत्रमा गुराँस र जैविक विविधता संरक्षणका लागि प्रादेशिक संरक्षण क्षेत्र बनाउने व्यवस्था गरिनेछ। खाली रहेका सार्वजनिक र पर्ति जग्गाहरु तथा खेति नगरिएका निजी जग्गाहरुमा फलफूलको वृक्षारोपण गरी कृषि वन प्रवर्द्धन गर्न प्रोत्साहित गरिनेछ ।

४१. तराई-मधेश हरियाली वन कार्यक्रम संचालन गरी वन क्षेत्रबाट टाढा रहेका समुदायमा वन पैदावरको पहुँच बढाइनेछ। प्रदेशस्तरीय खुल्ला प्राणी र वनस्पति उद्यानको स्थापना गर्न क्षेत्र पहिचान गरि पूर्वाधार विकासका लागि पहल गरिनेछ।

४२. प्रदेशमा पर्यटकहरुको आगमन बढाउनका लागि अभियानको रुपमा आन्तरिक र बाह्य पर्यटकहरु लाई लक्षित गरि पर्यटन वर्ष २०२० लाई सफल बनाउन विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछन्। संघीय सरकारसँगको समन्वय र सहकार्यमा विराटनगर विमानस्थललाई विस्तार र स्तरोन्नति गरी अन्तर्राष्ट्रिय, राष्ट्रिय र प्रादेशिक विमानस्थलहरुसँग आबद्धगर्न विशेष पहल गरिनेछ। विराटनगर विमानस्थलबाट पर्वतीय दृष्यावलोकन उडानलाई प्रवर्द्धन गरिनेछ। ।

४३. प्रादेशिक पर्यटन बोर्डको स्थापना गरिनेछ। यसप्रदेशको प्रमुख बिशेषतालाई प्रवर्द्धन गर्दै महाभारत सर्किटलाई पर्या-पर्यटन र कृषि पर्यटन (Agro tourism) को रुपमा विकास गरिनेछ । । प्रदेश भित्रका महत्वपूर्ण र सम्भावित पर्यटकीय क्षेत्रको विकास गर्दै एक स्थानीय तह, एक पर्यटकीय पूर्वाधार विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

४४. स्थानीय स्तरमा रोजगारी सृजना गर्ने, उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने उद्योगहरुलाई प्रोत्साहन गरिनेछ। एक स्थानीय तह एक औद्योगिक ग्राम स्थापनाका लागि प्रदेश सरकारले प्राथमिकता दिनेछ। परम्परागत उद्यम, कृषिजन्य, पशुजन्य, वनजन्य, जडिबुटीजन्य र पर्यटन उद्यम प्रवर्द्धनमा जोड दिइनेछ ।

४५. प्रदेशका सक्रिय जनसङ्ख्यालाई क्रियाशिल बनाउँदै उद्यम र उत्पादनमूलक क्षेत्रमा श्रम, सीप, समय र पूँजी लगानीका लागि प्रोत्साहन गर्नका लागि मानव संशाधन विकास, गरिबी न्यूनिकरण र रोजगार सृजना समेत हुनेगरी क्षमता अभिवृद्धि तालिम, सीप र उद्यमशिलता विकास तालिम र युवालाई उद्यमशील बनाउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

४६. विदेशमा आर्जन गरेको सीप र विप्रेषणको आयलाई उद्यम र उत्पादनमूलक क्षेत्रमा लगानी गर्नका लागि प्रोत्साहन गर्न प्रदेश सरकारले विप्रेषण आयको सामूहिक रुपमा बचत र लगानी गर्न बैक एवं वित्तीय संस्था, सहकारी तथा सामाजिक संघसंस्थालाई परिचालन गरी उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्नेछ।

४७. सङ्घीय सरकार सँगको सहकार्यमा प्रदेश भित्र विशेष आर्थिक क्षेत्र (SEZ) को स्थापना गरिनेछ । प्रदेश भित्र नयाँ औद्योगिक कोरिडोरको सम्भाव्यता अध्ययन गरिनेछ ।

४८. प्रदेशमा लगानीको वातावरण तयार गर्न र लगानीको स्रोत जुटाउन लगानी सम्मेलन गरिनेछ। लगानीको न्यूनता पुरा गर्न निजीक्षेत्र, सार्वजनिक- निजी र सार्वजनिक-निजि-सहकारी-सामुदायिक साझेदारीको लगानीलाई प्रोत्साहन गरिनेछ । बैकल्पिक वित्तीय उपकरण मार्फत लगानी जुटाउन सार्वजनिक निजि साझेदारीमा संस्थागत व्यवस्था गरिनेछ ।

४९. पूर्वाधार विकासमा तीव्रता र निरन्तरता दिन पुँजीगत खर्चको अशं बढाउँदै प्राथमिकता प्राप्त आयोजनाहरुमा स्रोत-साधनको सुनिश्चितता गरिनेछ। मध्यमकालिन खर्च संरचना (MTEF), संभाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदनका आधारमा योजनाहरुको छनौट गर्ने,परियोजना

बैंक(Project Bank)तयार गरी आयोजनाहरुको प्राथमिकीकरण गर्ने, उपर्युक्त आयोजना छनौट प्रणाली (Project Screening Mechanism) विकास गर्ने जस्ता कार्यलाई प्राथमिकतामा राखिनेछ ।

५०. सुरक्षा संयन्त्रहरुलाई आवश्यक भौतिक पूर्वाधार, साधन-स्रोत र प्रविधियुक्त बनाइनेछ। बन्द हडताललाई निरुत्साहित गरिनेछ, हरेक क्षेत्रमा सिण्डिकेट तथा कार्टेलिङ्गलाई निरुत्साहित गरी उपभोक्ता मैत्री वातावरण निर्माण गरिनेछ। सुरक्षा निकायलाई जिम्मेवार बनाई जनतामा शान्ति र सूरक्षाको प्रत्याभूति गर्न प्राथमिकता दिइनेछ । लागूपदार्थ दुर्व्यसन र सामाजिक अपराध न्यूनीकरण गर्न समाजका विभिन्न तह र तप्काका नागरिकहरुलाई सचेतना कार्यक्रम सञ्चालन गरिने छ।

५१. कर्मचारीहरुको कार्य विवरणमा आधारित छरितो दरबन्दी तथा सङ्गठन संरचनाहरु निर्माण गरी जिम्मेवारी र जवाफदेहिता प्रवर्द्धन गरी विकास र सेवा प्रवाहलाई सरल, सहज र विद्युतीय शासनमैत्री बनाइनेछ साथै राष्ट्रसेवकहरुलाई आवश्यक प्रोत्साहन र सुविधाहरु थप गरी अझ बढी योगदान गर्न उत्प्रेरित गरिनेछ।

५२. संबिधान कार्यन्वयनका सिलसिलामा यस प्रदेश अन्तर्गत बन्नुपर्ने थप कानूनहरु निर्माण र संशोधन गरिनेछ ।प्रदेश लोकसेवा आयोगको स्थापना गरिनेछ ।प्रदेश निजामती सेवा सम्बन्धी कानून तर्जुमा गरिनेछ । प्रदेश र स्थानीय तहलाई आवश्यक कर्मचारी व्यवस्थापन गरिनेछ।

५३. आमसञ्चार क्षेत्रलाई जिम्मेवार र व्यवस्थित बनाउन सूचना आयोग र आमसञ्चार प्रतिष्ठान गठन गरिने छ।

५४. स्थानीय तहहरुले सञ्चालन गर्ने पूर्वाधार सम्बन्धी आयोजनाहरुका लागि समपूरक अनुदान प्रदान गरिनेछ साथै संघीय सरकार तथा स्थानीय तहहरुको सहकार्यमा विशेष अनुदान मार्फत सामाजिक विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५५. उत्पादनशील क्षेत्रमा लगानी वृद्धि, उद्यमशीलताको विकास मार्फत रोजगारीका अवसर वृद्धि गरी उत्पादन र उत्पादकत्वको वृद्धि मार्फत गरिबी न्यूनीकरण, बिकासको लाभांशको समुचित वितरण, शिक्षा र स्वास्थ्यमा गुणात्मक सुधार, गुणस्तरीय र दिगो पूर्वाधार विकास, कृषि क्षेत्रको विकास, सूचना प्रविधिको विकास र विस्तार र जैविक विविधता संरक्षण, पर्यटन विकास र सुशासन कायम गर्ने तर्फ आगामी आर्थिक वर्षको बजेट उन्मुख हुने विषय म माननीय सदस्यहरुलाई सुनिश्चित गराउन चाहन्छु।

प्रस्तुत् सिद्धान्त र प्राथमिकता माथि माननीय सदस्यहरुले घनिभूत छलफल गरी आगामी आर्थिक वर्षको बजेट निर्माणमा रचनात्मक सुझाव प्राप्त हुने विश्वास लिएको छु ।

धन्यवाद ।

बैंक(Project Bank)तयार गरी आयोजनाहरुको प्राथमिकीकरण गर्ने, उपर्युक्त आयोजना छनौट प्रणाली (Project Screening Mechanism) विकास गर्ने जस्ता कार्यलाई प्राथमिकतामा राखिनेछ ।

५०. सुरक्षा संयन्त्रहरुलाई आवश्यक भौतिक पूर्वाधार, साधन-स्रोत र प्रविधियुक्त बनाइनेछ। बन्द हडताललाई निरुत्साहित गरिनेछ, हरेक क्षेत्रमा सिण्डिकेट तथा कार्टेलिङ्गलाई निरुत्साहित गरी उपभोक्ता मैत्री वातावरण निर्माण गरिनेछ। सुरक्षा निकायलाई जिम्मेवार बनाई जनतामा शान्ति र सूरक्षाको प्रत्याभूति गर्न प्राथमिकता दिइनेछ । लागूपदार्थ दुर्व्यसन र सामाजिक अपराध न्यूनीकरण गर्न समाजका विभिन्न तह र तप्काका नागरिकहरुलाई सचेतना कार्यक्रम सञ्चालन गरिने छ।

५१. कर्मचारीहरुको कार्य विवरणमा आधारित छरितो दरबन्दी तथा सङ्गठन संरचनाहरु निर्माण गरी जिम्मेवारी र जवाफदेहिता प्रवर्द्धन गरी विकास र सेवा प्रवाहलाई सरल, सहज र विद्युतीय शासनमैत्री बनाइनेछ साथै राष्ट्रसेवकहरुलाई आवश्यक प्रोत्साहन र सुविधाहरु थप गरी अझ बढी योगदान गर्न उत्प्रेरित गरिनेछ।

५२. संबिधान कार्यन्वयनका सिलसिलामा यस प्रदेश अन्तर्गत बन्नुपर्ने थप कानूनहरु निर्माण र संशोधन गरिनेछ ।प्रदेश लोकसेवा आयोगको स्थापना गरिनेछ ।प्रदेश निजामती सेवा सम्बन्धी कानून तर्जुमा गरिनेछ । प्रदेश र स्थानीय तहलाई आवश्यक कर्मचारी व्यवस्थापन गरिनेछ।

५३. आमसञ्चार क्षेत्रलाई जिम्मेवार र व्यवस्थित बनाउन सूचना आयोग र आमसञ्चार प्रतिष्ठान गठन गरिने छ।

५४. स्थानीय तहहरुले सञ्चालन गर्ने पूर्वाधार सम्बन्धी आयोजनाहरुका लागि समपूरक अनुदान प्रदान गरिनेछ साथै संघीय सरकार तथा स्थानीय तहहरुको सहकार्यमा विशेष अनुदान मार्फत सामाजिक विकास कार्यक्रमहरु सञ्चालन गरिनेछ।

५५. उत्पादनशील क्षेत्रमा लगानी वृद्धि, उद्यमशीलताको विकास मार्फत रोजगारीका अवसर वृद्धि गरी उत्पादन र उत्पादकत्वको वृद्धि मार्फत गरिबी न्यूनीकरण, बिकासको लाभांशको समुचित वितरण, शिक्षा र स्वास्थ्यमा गुणात्मक सुधार, गुणस्तरीय र दिगो पूर्वाधार विकास, कृषि क्षेत्रको विकास, सूचना प्रविधिको विकास र विस्तार र जैविक विविधता संरक्षण, पर्यटन विकास र सुशासन कायम गर्ने तर्फ आगामी आर्थिक वर्षको बजेट उन्मुख हुने विषय म माननीय सदस्यहरुलाई सुनिश्चित गराउन चाहन्छु।

प्रस्तुत् सिद्धान्त र प्राथमिकता माथि माननीय सदस्यहरुले घनिभूत छलफल गरी आगामी आर्थिक वर्षको बजेट निर्माणमा रचनात्मक सुझाव प्राप्त हुने विश्वास लिएको छु ।

धन्यवाद ।